कटहरिया नगरपालिका

# शिक्षक छनौट समिति

कटहरिया, रौतहट

मधेश प्रदेश (नेपाल)

**(तेस्रो पटक प्रकाशित मिति २०८२/०३/१३)**

**विषय : शिक्षक पदपुर्ती सम्बन्धि सूचना**

यस समितिको मिति मिति २०८२/०३/१२ गतेको निर्णयानुसार यस नगरपालिकाको विभिन्न सामुदायिक विद्यालयहरुमा संघीय सरकारबाट प्राप्त माध्यमिक तह (कक्षा ९ र १०) र आधारभूत तह (कक्षा ६-८) को अंग्रेजी, गणित र बिज्ञान बिषयको शिक्षण सहयोग अनुदान कोटाहरुमा शिक्षक करारमा नियुक्ति गर्नु पर्ने भएकोले योग्य तथा इच्छुक उम्मेदवारहरुले तोकिएको शर्तहरु पुरा गरी यो सूचना प्रकाशन भएको मितिले ३ दिन भित्र दरखास्त पेश गर्न सूचित गरिन्छ ।

तह : माध्यमिक

| क्र.सं. | विज्ञापन नं. | पद | विषय | संख्या | दरबन्दिको किसिम |
|---|---|---|---|---|---|
| १ | ०७/२०८१-०८२ | शिक्षक | अंग्रेजी | १ | शिक्षण सहयोग अनुदान |
| २ | ०८/२०८१-०८२ | शिक्षक | विज्ञान | १ | शिक्षण सहयोग अनुदान |

तह : निम्नमाध्यमिक

| क्र.सं. | विज्ञापन नं. | पद | विषय | संख्या | दरबन्दिको किसिम |
|---|---|---|---|---|---|
| १ | ०९/२०८१-०८२ | शिक्षक | अंग्रेजी | ३ | शिक्षण सहयोग अनुदान |
| २ | ०१०/२०८१-०८२ | शिक्षक | गणित | २ | शिक्षण सहयोग अनुदान |
| २ | ०११/२०८१-०८२ | शिक्षक | बिज्ञान | १ | शिक्षण सहयोग अनुदान |

**(१) उम्मेदवारमा हुनुपर्ने आवश्यक न्युनतम शैक्षिक योग्यता (माध्यमिक तहको लागि)**

(क) नेपाली नागरिक ।

(ख) शिक्षक सेवा आयोग नियमावली (संसोधनसहित) २०५७ को नियम १० बमोजिम अयोग्य नभएको ।

(ग) मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक तह वा सो सरहको परीक्षा (कम्तीमा ३०० पूर्णाङ्क वा १२ क्रेडित आवर) उतीर्ण गरी शिक्षा विषयमा कम्तिमा १० महिने तालिम लिएको ।

तर, बिज्ञान, अंग्रेजी र गणित विषयको हकमा तालिम नलिए पनि यस बिज्ञापन बमोजिम शिक्षक पदको लागि उम्मेदवार हुनेछन् ।

(घ) माध्यमिक तहको स्थायी अध्यापन अनुमति पत्र प्राप्त गरेको ।

(ङ) विषयगत स्थायी अध्यापन अनुमति पत्र प्राप्त गरेका व्यक्ति सम्बन्धित विषयमा मात्र उम्मेदवार हुन सक्नेछन् ।

**(ख) निम्नमाध्यमिक तह**

(क) नेपाली नागरिक ।

(ख) शिक्षक सेवा आयोग नियमावली (संसोधनसहित) २०५७ को नियम १० बमोजिम अयोग्य नभएको ।

(ग) मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा माध्यमिक शिक्षा उतीर्ण परीक्षा (कक्षा १२) वा सो सरहको परीक्षा ( कम्तीमा २०० पूर्णाङ्क वा ८ क्रेडित आवर) उतीर्ण गरी शिक्षा बिषयमा कम्तिमा १० महिने तालिम लिएको ।

तर कुनै उम्मेदवारले २०० सय पूर्णाङ्कको शिक्षासम्बन्धि विषय लिई माध्यमिक शिक्षा उतीर्ण परीक्षा (कक्षा १२) वा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उतीर्ण गरेको भए यस प्रयोजनको लागि तालिम प्राप्त गरेको मानिने छ ।

(घ) निम्नमाध्यमिक तहको स्थायी अध्यापन अनुमति पत्र प्राप्त गरेको ।

**उम्मेदवारको उमेर हद** : दरखास्त दिने अन्तिम मिति सम्म १८ बर्ष उमेर पुरा भई ४० बर्ष ननाघेको ।

**परीक्षाको किसिम :** (क) लिखित परीक्षा (सामान्य र विषयगत)

(ख) अन्तरवार्ता

**सामान्य परीक्षा मिति** : सम्पर्क मितिको दिनमा सूचना गरिनेछ ।

**परीक्षा केन्द्र :** पछि प्रकाशित गरिनेछ ।

**परीक्षा दस्तुर :**

- माध्यमिक तहको लागि रु. १०००/-
- निम्नमाध्यमिक तहको लागि रु. ७००/-

**दरखास्त दिने स्थान :** कटहरिया नगर कार्यपालिकाको कार्यालय

**दरखास्त दिने अन्तिम मिति :** २०८२ साल असार १५ गते कार्यालय समय भित्र र सो दिन सार्वजनिक बिदा परेमा सो को भोलि सम्म ।

**सम्पर्क मिति** : २०८२/०३/१६ (कार्यालय समय भित्र)

CS CamScanner

**लिखित परीक्षा हुने मिति :** पछि प्रकाशित गरिनेछ ।

**अन्तरवार्ता :** लिखित परीक्षाको नतिजा प्रकाशनसँगै मिति, समय र स्थान तोकिनेछ ।

**दरखास्त फाराम साथ अनिवार्य रुपमा पेस गर्नुपर्ने कागजातहरु**

- नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी
- सम्बन्धित तहको शैक्षिक योग्यता र तालिमको प्रमाणपत्रहरुको प्रतिलिपी
- सम्बन्धित तहको अध्यापन अनुमतिपत्रको प्रतिलिपी

**दरखास्त फारामसाथ संलग्न कागजातहरु उम्मेदवार स्वयंले प्रमाणित गरेको हुनुपर्नेछ ।**

**बिज्ञापन सम्बन्धि थप जानकारी :**

- सामान्य परीक्षामा उतीर्ण भएको उम्मेदवारलाई मात्र लिखित परीक्षाको बिषयगत परीक्षामा सम्मिलित गराइनेछ ।
- उपरोक्त सबै बिज्ञापनको हकमा शिक्षक सेवा आयोगबाट निर्धारित पाठ्यक्रम लागु हुनेछ ।

अध्यक्ष
शिक्षक छनौट समिति

**बोधार्थ :**

श्री आई टी. शाखा (वेवसाईटमा सूचना प्रकाशित गरी दिनु हुन)